JIKaP
Journal of Indigenous Knowledge and Practice
2026, Vol. 2, No. 1, pp. 199-224
https://doi.org/10.3126/jikap.v2i1.98136
Article History: Received: 13 March 2026; Reviewed: 23 April 2026; Revised: 29 May 2026; Accepted: 1 June 2026

Contrastive Analysis of Rajbanshi and Nepali Lexicon

Tilak Prasad Lamsal
Faculty of Social Sciences and Education, NOU
Author's Email: tilaklamsal522@gmail.com

This article, written within a qualitative research framework, presents a contrastive analysis of the vocabulary of the Rajbanshi and Nepali languages based on the principles of Contrastive Analysis Theory. The study compares lexical items collected from Rajbanshi speakers residing in the Belbari Municipality area of Morang District, Nepal, together with data obtained from a Rajbanshi dictionary. The analysis covers vocabulary related to household utensils, food items, body parts, kinship relations, vegetables and fruits, animals, clothing, time, seasons, birth order, numbers, months, colours, weapons, days of the week, and cereal crops.

The findings, based on interview data, indicate that while some Rajbanshi and Nepali lexical items share similar linguistic features, others exhibit distinct differences. These similarities and differences were further verified through reference to the Rajbanshi dictionary. Based on the overall analysis, the study concludes that the vocabulary of Rajbanshi and Nepali demonstrates three types of relationships: lexical similarities, partial lexical differences, and complete lexical differences.

राजवंशी भाषा र नेपाली भाषाका व्यतिरेकी शब्दको विश्लेषण

तिलक प्रसाद लम्साल

लेखसार

गुणात्मक ढाँचामा लेखिएको प्रस्तुत लेखमा व्यतिरेकी सैद्धान्तिक आधारमा राजवंशी र नेपाली भाषाका शब्दहरूको तुलना गरिएको छ । प्रस्तुत लेखमा मोरङको बेलबारी नपा क्षेत्रमा बसोबास गर्ने राजवंशी भाषाका वक्ताहरू र राजवंशी शब्दकोशबाट सङ्कलित सूचनाका आधारमा भाँडाकुँडाबोधक, खानेकुराबोधक, शरीरका अङ्गबोधक, नाता/सम्बन्धबोधक,

तरकारी/फलफूलबोधक, जीवजनावरबोधक, लत्ताकपडाबोधक, समयबोधक, मौसमबोधक, जन्मकमबोधक, अङ्क/सङ्ख्याबोधक, महिनाबोधक, रङबोधक, हातहतियारबोधक, बारबोधक र अन्नबालीबोधक शब्दको व्यतिरेकी विश्लेषण गरिएको छ । अन्तर्वार्ताबाट प्राप्त तथ्यका आधारमा हेर्दा राजवंशी र नेपाली भाषाका केही शब्दमा समान अभिलक्षण देखिन्छ, भने केहीमा भिन्न अभिलक्षण देखिन्छन् । यस्ता अभिलक्षणहरूलाई राजवंशी शब्दकोशका सहायताले पनि सत्यापन गरिएको छ । समग्र तथ्यहरूको अध्ययन र विश्लेषणबाट राजवंशी र नेपाली भाषाका शब्दमा समानता, सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षण देखिएको निष्कर्ष निकालिएको छ ।

शब्दकुञ्जी : पहिलो भाषा, दोस्रो भाषा, बाधक, साधक, सिकारु ।

परिचय

प्रस्तुत शीर्षकमा अध्ययनको पृष्ठभूमि, भाषा परिवार र नेपाली तथा राजवंशी भाषा, अध्ययनको उद्देश्य, सैद्धान्तिक ढाँचा, परिसीमा र राजवंशी भाषासम्बन्धी पूर्वकार्यको यसप्रकार चर्चा गरिएको छ :

अध्ययनको पृष्ठभूमि

नेपाल बहुभाषिक विशेषताले भरिएको देश हो । यहाँ सदियौं कालदेखि विविध जातजातिहरूले आफ्नो समूहमा आफ्नो जातजातिको भाषाको प्रयोग गर्दै आएको पाइन्छ । यहाँ बसोबास गर्ने क्षेत्री बाहुनहरूले नेपाली भाषा (खस, पर्वते, गोर्खा भाषा हुँदै पछि नेपाली भाषा भनिएको) तथा आदिवासी जनजातिहरूले आआफ्नै जातिगत भाषाका माध्यमबाट व्यवहार चलाउँदै आएको पाइन्छ । यहाँ बसोबास गर्ने आदिवासीहरूमध्ये राजवंशी जाति पनि एक हो । नेपालको झापा र मोरङतिर बस्ने एक जाति, सोही जातिको एक थरलाई राजवंशी भनिन्छ (नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९) । भारतको प्राचीन कामरूपको भौगोलिक क्षेत्र (पूर्वी नेपालको कोशी नदीपूर्वदेखि भारतको आसामसम्मको सम्पूर्ण तराई खण्ड) मा बसोबास गर्ने कोच जातिको प्रजातिगत अवस्थाका आधारमा यिनीहरूको शारीरिक गठन र मुखाकृतिअनुसार विभिन्न विद्वान्हरूमध्ये कसैले मङ्गोल त कसैले द्रविड अनि कसैले अस्ट्रिक प्रजातिका हुन भनेको पाइन्छ (राजवंशी, २०७४, पृ. १३) । यस सन्दर्भका तिब्बती बर्मी/भोट बर्मी भाषा परिवारको बोडो शाखाको कामरूपी प्रकृतको मिश्रणबाट राजवंशी भाषाले आफ्नो रूप ग्रहण

गरेको छ तर पछि यिनीहरूले हिन्दुधर्म ग्रहण गरेपश्चात् आफ्नो भाषा अर्थात् तिब्बती बर्मी भाषा परित्याग गरी आर्य भाषा ग्रहण गरे भनेको पनि पाइन्छ राजवंशी, २०७४, पृ. ८४-८५)। राजवंशी भाषालाई भारोपेली भाषा परिवारअन्तर्ग मानिँदै आएको छ ।

भाषा परिवार र नेपाली तथा राजवंशी भाषा

संसारका भाषाहरूलाई भारोपेली, चिनियाँ तिब्बती, द्रविडेली, आग्नेली आदि गरी विभिन्न परिवारमा बाँडिएको छ । संसारका भाषाहरूको सबैभन्दा ठुलो परिवार भारोपेलीका भाषाहरू भारतीय उपमहाद्वीपदेखि युरोपेली महाद्वीपसम्म बोलिन्छन् । यस परिवारको आर्य इरानेली शाखा अन्तर्गत इरानेली, दरद तथा आर्य वा संस्कृत भाषाबाट विभिन्न आर्य भाषाहरूको जन्म हुन पुगेको देखिन्छ । (शर्मा र बराल, २०५०, पृ.१६–१७) । आर्य वा संस्कृत भाषाबाट खस, मागधी, अर्धमागधी, महारास्ट्री, शौरसेनी, पैशाचीजस्ता प्राकृत र ती प्राकृतबाट खस, प्राच्य, मागध आदि अपभ्रंश हुँदै अनेकन आधुनिक आर्यभाषाहरूको जन्म हुन पुगेको देखिन्छ । जसअन्तर्गत नेपाली भाषा खस प्राकृतको खस अपभ्रंशबाट जन्मिएको देखिन्छ (शर्मा र बराल, २०५०, पृ.२०) । नेपाली भाषा नेपालमा बोलिने भारोपेली भाषाहरूमध्ये नेपाली सबैभन्दा बढी सम्पन्न, व्यापक र विस्तृत क्षेत्रमा फैलिएको भाषा हो । यसको विकास संस्कृतको खस प्राकृत र त्यसको अपभ्रंशबाट भएको हो ।

नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् । देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने छ भनिएको छ (लुम्बिनी पुस्तक पसल, २०७२, पृ.८) । राजकीय कार्यव्यापार, विभिन्न भाषाभाषी बिचको सम्पर्क भाषा र पठनपाठनको माध्यम भाषा पनि नेपाली नै हो । वाङ्मय, साहित्य सिर्जना, साधरण कोश निर्माण एवम् विषयगत कोशनिर्माणको कार्य पनि नेपालीमा भएका छन् र हुँदै गरेका छन् (पोखरेल, २०७४, पृ. २०५०–२५१) ।

राजवंशी भाषा पूर्वी नेपालका राजवंशी जातिको मातृभाषा हो । यो भाषा भारोपेली परिवारको मागधी प्रकृतबाटै भएको पाइन्छ । यस भाषालाई कसैकसैले बङ्गाली भाषा पनि भन्दछन् । (शर्मा र बराल, २०५०, पृ. १४०) भने भारतको ताजपुरमा बोल्ने हुनाले यसलाई कसैकसैले ताजपुरी पनि भन्ने गर्छन् । पोखरेल, २०७४) पृ. २५१) राजवंशी भाषाका वक्ताहरूको बसोबास झापा र मोरङमा रहेका छन् । यो भाषा केही मात्रामा भोजपुरी, मैथिली र नेपाली भाषाबाट प्रभावित छ । यसमा साहित्यिक कृतिहरू रचिएका छैनन् । (पोखरेल,

२०७४, पृ. २५१) । यो भाषा भारोपेली भाषा परिवारको संस्कृत भाषाको मागधी प्राकृत र मागधी अपभ्रंशबाट विकसित भएको हो (शर्मा र बराल, २०५०, पृ.१४०) ।

भाषाशास्त्रीहरूका अनुसार राजवंशी भाषा भारोपेली परिवारभित्र पर्दछ । राजवंशी शब्द संस्कृतबाट आएको र संस्कृतबाट उद्भव भएको भाषा हो । बङ्गला, मैथिली, असमिया र राजवंशी यी सबै भाषाहरू साह्रै नजिकका नातेदार हुन्, भगिनी भाषा हुन् (उपाध्याय, २०५५) । राजवंशीबाहेका थारु, गन्गाई, ताजपुरिया, माझी, गिरी तथा मुसलमानले पनि राजवंशी भाषा बोल्दछन् । नेपालमा राजवंशी जातिबाहेक यहाँ बसोबास गर्ने कान्गोइ, ताजपुरिया, गेनगाई, हारी, जुगी, तेली, सुडी, देशीमिया, चमार, कम्हार, माली, मका, बोङाहा आदि १२, १३ वटा जनजातिहरूले यसलाई मातृभाषाको रूपमा बोल्ने गरेको पाइन्छ (कोचिला प्रदेश (२०६६) । कतिपयले राजवंशी भाषालाई गन्गाई, कोचे, ताजपुरीया भाषा पनि भनेको पाइन्छ ।

समस्या कथन र शोधप्रश्न

राजवंशी भाषीले नेपाली र राजवंशी भाषा दुवैले संस्कृत स्रोतका शब्दहरूको प्रयोग गरेको देखिन्छ भने आफ्ना केही मौलिक शब्दहरू पनि प्रयोग गरेको पाइन्छ । नेपाली समाजमा रहेका राजवंशी वक्ताले नेपाली भाषा सिकाइका क्रममा उनीहरूले प्रयोग गर्ने शब्दमा देखापर्ने भिन्न अभिलक्षणको पहिचान गर्नु यस अध्ययनको समस्या हो । यस सन्दर्भमा राजवंशी भाषीले बेर्होने शब्दगत व्यतिरेकी अवस्थाका सम्बन्धमा खासै पूर्वकार्य नभएकोले यससम्बन्धी अवस्थाका बारेमा जिज्ञासा उत्पन्न भएको हुँदा यो अनुसन्धान गर्न आवश्यकता महशुस भएको हो । अतः उपर्युक्त समस्यासँग सम्बन्धित भएर राजवंशी र नेपाली के कस्ता शब्दमा के कस्ता अभिलक्षण देखिन्छन् भन्ने शोधप्रश्न निर्माण गरिएको छ ।

अध्ययनको उद्देश्य

मोरङको बेलबारी नगरपालिका क्षेत्रका राजवंशी भाषा र नेपाली भाषाका समान अर्थ भएका शब्दको व्यतिरेकी अभिलक्षणको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

सैद्धान्तिक ढाँचा

यस लेखको सैद्धान्तिक ढाँचा व्यतिरेकी विश्लेषणको पद्धति हो । व्यतिरेकी विश्लेषणमा दुई वा दुईभन्दा बढी भाषाहरूका बिचको अन्तर वा भिन्नतालाई आधार बनाएर अध्ययन विश्लेषण गरिन्छ (ढकाल, २०७०/२०७१, पृ.१६५) । व्यतिरेकी विश्लेषणमा फर्ग्युसन, चम्स्की, निकेल, स्नुक, ल्याडोजस्ता भाषावैज्ञानिकहरूको योगदान रहेको देखिन्छ । व्यतिरेकी

विश्लेषणका प्रतिपादकहरूले विभिन्न स्तरका व्याघात/कठिनाइ पत्ता लगाउन सिकारुको स्रोतभाषा (भाषा १) र लक्ष्य भाषा (भाषा २) बिचको बेमेल बिन्दुहरूको निर्क्यौल हुनुपर्छ भनेका छन् (ढकाल, २०७०/२०७१, पृ.१६५) । यसरी व्यतिरेकी देखाउन दुई वा दुईभन्दा बढी भाषाका विभिन्न पक्षका बिचमा तुलना प्रतितुलना गरिने हुँदा यस लेखमा यिनै मान्यताका आधारमा राजवंशी भाषा र नेपाली भाषाका बिचमा शब्दको उच्चारणगत तहमा देखिने अन्तरलाई अध्ययन गरिएको छ ।

परिसीमा

प्रस्तुत अध्ययनमा दुई वा सोभन्दा बढी भाषाका (स्रोत र लक्ष्य भाषाका) भिन्नताको स्थिति र त्यसलाई प्रभावित पार्ने कुराहरूको निर्क्योल गरिएको छैन । यसका साथै वर्णन र विश्लेषण गरिएका भाषिक उच्चारका बिचमा तुलना गर्दा देखापरेका सामान्य र विशिष्ट विशेषतालाई पनि प्रस्तुत गरिएको छैन ।

राजवंशी भाषासम्बन्धी पूर्वकार्य

राजवंशी जाति र भाषाका सम्बन्धमा विविध प्रकारका पूर्वकार्यहरू भएका पाइन्छ । यसै सन्दर्भमा राजवंशी नेपाली अङ्ग्रेजी शब्दका अर्थसहित राजवंशी शब्दकोश (सन् २००४) प्रकाशित भएको छ । त्यस्ता पूर्वकार्यहरूमध्ये कोचिला राष्ट्रिय मुक्ति मोर्चा, नेपाल (२०६६) ले *कोचिला प्रदेश (कोच जातिको इतिहास)* नामक पुस्तकमा कोचिलावासीको सामाजिक, सांस्कृतिक एवम् भाषा, लिपि र कला साहित्यको चर्चा गरिएको छ । नेपालका राजवंशीको सम्बन्ध भारतका प्राचीन कोच जातिसँग देखाइएको उक्त पुस्तकमा नेपाली र राजवंशी भाषाको शब्दगत तुलना भने गरेको पाइँदैन । राजवंशी (२०७४) ले *कोच राजवंशीको छोटो ऐतिहासिक परिचय* पुस्तकमा कोच शब्दको उत्पत्तिर, कोचहरूको आगमन, कोचहरू राजवंशीमा रूपान्तरण, कोचराजवंशीको राजनैतिक इतिहास तथा राजवंशीका विभिन्न उपजातहरूको चर्चा गरे तापनि नेपाली र राजवंशी भाषा शब्द संरचनाका बारेमा अध्ययन गरिएको छैन । त्यस्तै उपाध्याय (२०५५) ले *राजवंशी जाति एक परिचय* पुस्तकमा राजवंशी भाषाको आन्तरिक शब्दरचना र व्यकरणिक संरचनालाई हेर्ने हो भने निर्धक्कसँग यसलाई भारतीय आर्य भाषागोष्ठीको भाषा हो भन्न सकिन्छ भन्दै यस भाषाको शब्द ढिकुटीमा संस्कृत भाषाका शब्दहरू प्रशस्त मात्रामा रहेको पाइन्छ बताएका छन् तर नेपलाी र राजवंशी भाषाका शब्दगत तुलना गरेर अध्ययन गरेका छैनन् । त्यसैगरी भाषा आयोग (२०७५) ले *राजवंशी*

भाषाको इतिहास (परीक्षण प्रकाशन), पुस्तकमा भाषाशास्त्रीहरूका अनुसार हालको राजवंशी भाषा भारोपेली परिवारभित्र पर्दछ भन्ने चर्चा गर्दै राजवंशी शब्द संस्कृतबाट आएको र संस्कृतबाट उद्भव भएको भाषा हो र नेपालमा यस भाषालाई आफ्नो मातृभाषाको रूपमा बोल्ने धेरै जातिहरू छन्, जस्तै : ताजपुरिया, गनगाई, हाडी, जुगी, तेली, माझी, चमार, कम्हार, कोच, माली, देसिमिया आदि भनेको पाइन्छ । तर उक्त कृतिमा नेपाली र राजवंशी भाषाका शब्दका बिचमा व्यतिरेकी अध्ययन गरिएको पाइँदैन । त्यस्तै देवीप्रसाद आचार्य (सन् २०२३) ले वाक्यका आधारमा राजवंशी र नेपाली भाषाको तुलनात्मक अध्ययन गरे पनि शब्दगत आधारमा अध्ययन गरेका छैनन् । त्यसैगरी भण्डारी (सन् २०२३) ले राजवंशीहरूको आफ्नो भाषाप्रतिको भाषिक अभिवृत्तिको विश्लेषण गरे पनि नेपाली र राजवंशी भाषाका शब्दगत तहको व्यतिरेकी अध्ययन गरेको पाइँदैन । अतः नेपाली र राजवंशी भाषाको शब्दगत व्यतिरेको अध्ययन नभएको यही रिक्तताका आधारमा प्रस्तुत अनुसन्धान गरिएको छ ।

अध्ययन विधि

गुणात्मक अनुसन्धान (Qualitative Research) ढाँचा (केसवेल, सन् २००९) मा आधारित यस अध्ययनमा ८ जना सूचकहरूसँग २०८२ पुष २० देखि २७ सम्म प्रत्यक्ष अन्तर्वार्ता लिएर क्षेत्रकार्य (फिल्ड) बाट तथ्यहरूको सङ्कलन गरिएको छ । यस क्रममा सहभागीसँग अन्तर्वार्ता मोबाइल साधनलाई रेकर्डरका रूपमा प्रयोग गरी शब्द सङ्कलन गरिएको छ । यस लेखमा तथ्य सङ्कलन गर्दा व्यतिरेकी विश्लेषणका प्रक्रिया तथा पद्धतिहरू (ढकाल, २०७०/२०७१, पृ.१६) अनुसार व्यतिरेकी शब्दहरूको सङ्कलन/निर्धारण र विश्लेषणमा गरिएको छ । त्यसैगरी विश्लेषण गरिने भाषिक उच्चारसँग सम्बन्धित सामग्रीको सङ्कलनको स्रोत कथ्य (अन्तर्वार्ता र लेख्य (शब्दकोश) को उपयोग गरिएको छ । शब्दगत तुलनाका निमित्त सङ्कलित शब्दहरूको समान अभिलक्षण, सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षणको स्वरूप ठम्याई त्यसको वर्गीकरण, तालिकीकरण तथा वर्णन व्याख्या गर्ने कार्य गरिएको छ । डेन्जिन एन्ड लिङ्कन (सन् २०११) ले भनेजस्तै एउटै शब्दलाई फरक फरक स्रोत र सहभागीहरूबाट सङ्कलन गरी कथ्य र लेख्य बहुतथ्यका आधारमा अर्थ पहिल्याउन कथ्य (अन्तर्वार्ता) स्रोतबाट सङ्कलित सामग्रीलाई लेख्य स्रोत राजवंशी नेपाली शब्दकोशका माध्यमबाट सत्यापन गरी त्रिकोणीकरण (Triangulation) गर्दै व्याख्यात्मक आयाम (इन्टरप्रेटिभिजम) लाई लेखको प्रतिमान (प्याराडाइम) मानिएको छ । यस

लेखका लागि मोरङ जिल्लास्थित बेलबारी नगरपालिकाअन्तर्गत बसोबास गर्ने राजवंशी भाषीलाई उद्देश्यमूलक रूपमा सहभागी छनोट गरिएको छ । यसका साथै अध्ययनमा सहभागीहरूको गोपनीयता कायम गरिएको छ ।

प्राप्ति र छलफल

राजवंशी भाषा र नेपाली भाषाका समानार्थक शब्दगत व्यतिरेकी विश्लेषणको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको प्रस्तुत लेखमा सङ्कलित गुणात्मक तथ्यलाई विश्लेषण गर्ने क्रममा प्राप्त भएका नतिजा वा उपलब्धिलाई यसप्रकार छलफल गरिएको छ :

भाँडाकुँडाबोधक शब्द

भाँडाकुँडाबोधक राजवंशी भाषी र नेपालीभाषी शब्दमा पनि प्रशस्त व्यतिरेकी पाइएको छ । यससम्बन्धमा ७८ वर्ष उमेरकी गृहिणीबाट प्राप्त तथ्यलाई (कुनोदेवी राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, पुष २३, २०८२) तालिकामा यसप्रकार देखाइएको छ :

तालिका १

भाँडाकुँडाबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
हुक्का	हुक्का	कित्ली	केत्लि / चाहादानि	कचौरा	बाटि
		गिलास	गानास, गेनास	कराही	लिहा
		चम्चा	चमच, चाम्सि, चमस	गाग्रो	घारा, कल्सि
		चिम्टा	चिट्टा	चुलेसी	हासुवा
		थाल	थालि	टुकी, दियो	गेछा, चेराक
		बाल्टिन	साल्टिन, डोल, गोल्टिन	ठुलो कराई	तास्ला
				डाडु	कर्छुला
				नाङ्लो	कुल्ला, कुला
				पनिउँ, पन्यू	छिन्नि

उल्लिखित तालिकाअनुसार राजवंशीहरू भाँडाकुँडाबोधक हुक्का शब्दलाई हुक्का नै भन्छन् । राजवंशी भाषी र नेपालीभाषी दुवैले यो शब्द समान रूपमा नै प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैले हुक्का शब्द राजवंशी भाषाबाट नेपाली र नेपालीबाट राजवंशी भाषामा सहज रूपमा स्थानान्तरण हुने शब्द हो । यो शब्द दुवै भाषामा स्थानान्तरित हुने भएको हुँदा पहिलो भाषा जानेका सिकारुलाई दोस्रो भाषाको प्रयोगमा कुनै समस्या हुँदैन । त्यसलाई भाषा सिकाइको साधक स्थिति भनिन्छ । राजवंशी भाषी सिकारुले नेपालीका कित्ली, गिलास, चम्चा, चिम्टा, थाल, बाल्टिनजस्ता शब्दलाई क्रमशः केही परिवर्तित उच्चारणका साथ क्रमशः केत्लि वा चाहादानि, गानास वा गेनास, चमच, चमस वा चाम्सि, चिट्टा, थालि र साल्टिन, गोल्टिन वा डोल भन्दछन् । यी दुवै भाषामा यस्ता शब्दहरूका बिचमा केही ध्वन्यात्मक समानता पाइन्छ । यस्ता समानताका कारण एकअर्का भाषा प्रयोगमा यो हो कि ऊ हो भन्ने सन्देह पैदा हुन्छ । र त्यस्तो सन्देह जाहाँ र जतिमात्रामा हुन्छ, त्यहाँ र त्यतिमात्रामा सिकाइ त्रुटिपूर्ण हुन पुग्छ । यस्ता सामान्य फरक अभिलक्षण भएका शब्दका प्रयोगमा राजवंशी भाषी सिकारुले केही सावधानी अपनाउनुपर्ने हुन्छ । त्यसलाई भाषा सिकाइको बाधक स्थिति भनिन्छ । राजवंशी भाषी सिकारुले नेपालीका कचौरालाई बाटि, कराहीलाई लिहा, गाग्रोलाई घारा वा कल्सि, चुलेसीलाई हासुवा, टुकी वा दियोलाई गेछा वा चेराक, ठुलो कराईलाई तास्ला, डाडुलाई कर्छुला, नाङ्लोलाई कुल्ला वा कुला, पनिउँ वा पन्यूलाई छिन्निका रूपमा प्रयोग गर्दछन् । यी दुवै भाषाका उपर्युक्त शब्दहरूमा ध्वन्यात्मक असमानता पाइन्छ । यस्ता शब्दहरूको प्रयोगमा द्विविधा उत्पन्न हुन सक्दैन तर यसप्रकारका नितान्त भिन्न अभिलक्षण भएका शब्दका प्रयोगमा राजवंशी भाषी सिकारुले पूर्ण सावधानी अपनाउनुपर्ने हुन्छ । यो पनि भाषा सिकाइको बाधक स्थिति हो । दोस्रो भाषा सिक्ने सिकारुले मातृभाषाका विशेषता दोस्रो भाषाको सिकाइमा स्थानान्तरण गर्ने प्रवृत्तिले भाषा सिकाइमा कति साधक र कति बाधक हुन्छ भन्ने कुरा पहिल्याई बाधक स्थितिलाई न्यूनीकरण गर्दै लगेर निराकरण गर्ने कुरामा व्यतिरेकी विश्लेषण केन्द्रित हुन्छ (ढकाल, २०७०/२०७१, पृ.१६५) । त्यसैले द्विभाषिक शिक्षा दिँदा शब्द प्रयोगमा त्रुटि हुने सम्भावनालाई दृष्टिगत गरी उपयुक्त किसिमका व्यतिरेकी विन्दु पहिल्याएर आवश्यकतअनुसार शिक्षकले आफ्नो अनुभवलाई प्रयोग गर्दै शिक्षण गर्नु आवश्यक देखिन्छ ।

खानेकुराबोधक शब्द

खानेकुराबोधक राजवंशी भाषी र नेपालीभाषी शब्दमा पनि व्यतिरेकी पाइएको छ। यससम्बन्धमा ७८ वर्ष उमेरकी गृहिणीबाट प्राप्त तथ्यलाई (कुनो देवी राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, पुष २३, २०८२) तालिकामा यसप्रकार देखाइएको छ :

तालिका २

खानेकुराबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
खिर	*खिर*	*खिचडी*	*खिच्रि*	*जाउलो*	*पेच्रा भात*
नुन	*नुन*	*चामल*	*चाउल, चाउर*	*बेसार*	*हल्दि*
सर्बत	*सर्बत*	*चिउरा*	*चुरा*	*भुजा*	*मुरि*
हलुवा	*हलुवा*	*जेरी, जिलेवा*	*जुल्पि*	*अनर्सा*	*पो*
		अचार	*आचार*	*पकौडा, फुलौरा*	*बरि*
		रोटी	*रुटि*		

उपर्युक्त तालिकाअनुसार राजवंशी भाषीले नेपालीका खानेकुराबोधक शब्दहरू खिरलाई खिर, नुनलाई नुन, सर्बतलाई सर्बत तथा हलुवालाई हलुवाकै रूपमा प्रयोग गर्दछन्। यी दुवै भाषाका यस्ता शब्दहरूका बिचमा ध्वन्यात्मक समानता पाइन्छ। यस्ता शब्द नेपाली र राजवंशी दुवै भाषामा स्थानान्तरित हुने भएको हुँदा पहिलो भाषा राजवंशी सिकेका सिकारुलाई दोस्रो भाषा नेपाली सिक्न कुनै समस्या पर्दैन। यस्तो स्थितिलाई भाषा सिकाइको साधक स्थिति मानिन्छ। दुई भाषाका बिचमा अमिल्दा विशेषताको अध्ययन गर्नु नै व्यतिरेक हो भनेर (ढकाल,२०७०/२०७१, पृ.१६५) उपर्युक्त उदाहरणहरूमा राजवंशी भाषीले खानेकुराबोधक अन्य केही शब्दहरूमा भने केही परिवर्तित उच्चारण गरेको पाइन्छ। त्यस्ता शब्दहरूमा खिचडीलाई खिच्रि, चामललाई चाउल वा चाउर, चिउरालाई चुरा, जेरी वा जिलेवालाई जुल्पि, अचारलाई आचार तथा रोटीलाई रुटि भन्दछन्। यस्ता शब्दहरूका बिचमा केही ध्वन्यात्मक

समानता पाइने हुनाले एकअर्का भाषा प्रयोगमा यो हो कि ऊ हो भन्ने सन्देह पैदा हुन्छ । यस्तो स्थितिलाई भाषा सिकाइको बाधक स्थिति भनिन्छ । त्यसैगरी राजवंशी भाषीले खानेकुराबोधक अन्य केही शब्दहरूमा पूर्ण परिवर्तनका साथ उच्चारण गरेको पाइन्छ । त्यस्ता शब्दहरूमा जाउलोलाई पेच्रा भात, बेसारलाई हल्दि, भुजालाई मुरि, अनर्सालाई पो तथा पकौडा वा फुलौरालाई बरि भनिन्छ । यी नितान्त भिन्न अभिलक्षण भएका शब्दहरू हुन् । यस्ता शब्दहरूका बिचमा पूर्ण रूपमा ध्वन्यात्मक असमानता पाइने हुनाले यस्ता शब्दहरूको प्रयोगमा द्विविधा उत्पन्न नभए पनि यस्ता शब्दका प्रयोगमा राजवंशी भाषी सिकारुले पूर्ण होसियारी अपनाउनुपर्ने हुन्छ । व्यतिरेकी विश्लेषणमा यस्तो स्थितिलाई पनि भाषा सिकाइको बाधक स्थिति भनिन्छ ।

शरीरका अङ्गबोधक शब्द

राजवंशी भाषा र नेपाली भाषाका शरीरका अङ्गबोधक धेरै शब्दका बिचमा रूपगत र अर्थगत समानता पाइन्छ । यससम्बन्धमा ५४ वर्षका सूचनादाता राजवंशी समुदायका अगुवा सूर्य राजवंशीबाट प्राप्त (व्यक्तिगत अन्तर्वार्ता, पुष २५, २०८२) तथ्यलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका ३

शरीरका अङ्गबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
नाक	*नाक*	*जिब्रो*	*जिभा*	*गोडा, खुट्टा*	*ठेङ*
पेट	*पेट*	*रौँ*	*रुन*	*घुँडा*	*हाँटुवा , हाँटु*
हात	*हात*	*गाला*	*गाल*	*चुल्ठो*	*खपा*
कम्मर	*कम्मर, कमर*	*औँला*	*आङ्गुल*	*छाती*	*बुक*
कान	*कान*			*टाउको*	*मुथा*
दाँत	*दाँत*			*तिघ्रा*	*जाङ*
मुख	*मुख*			*नङ*	*खल्का*
कोख	*कोख*			*नाइटो*	*लेभि*

				निधार	*कापाल*
				पुच्छर	*नेगर, नेङर, नेट*
				शरीर, जीउ, आङ	*देहा, दाहा, गतर, धर*
				आँखा	*चखु*
				आन्द्रो	*लारि*
				कलेजो	*पिथल*
				चिउँडो	*थुत्लि*
				मुटु	*करह*

उपर्युक्त तालिकाअनुसार राजवंशी र नेपाली दुवै भाषामा समान अभिलक्षण भएका शब्दहरूमा नाक=नाक, पेट=पेट, हात= हात, कम्मर= कम्मर वा कमर, कान= कान, दाँत= दाँत, मुख= मुख तथा कोख= कोख रहेका देखिन्छन् । यी समान अभिलक्षण भएका शब्दहरू हुन् । रूपगत र अर्थगत समानता भएका थोरै शब्दहरू मात्र रहेका पाइन्छन् । दुवै भाषामा सामान्य भिन्न अभिलक्षण भएका शब्दहरूमा जिब्रो= जिभा, रौँ=रुन, गाला= गाल तथा औँला= आङ्गुल पर्दछन् । यी दुवै भाषाका सामान्य भिन्न अभिलक्षण भएका शब्दहरू हुन् । यिनको प्रयोगमा राजवंशी भाषीलाई केही द्विविधा उत्पन्न हुन सक्छ । यस्ता शब्दको प्रयोगमा सावधानी अपााउनु जरुरी हुन्छ । त्यस्तै नितान्त भिन्न अभिलक्षण भएका शब्दहरूमा गोडा वा खुट्टा=ठेङ, घुँडा=हाँटुवा वा हाँटु, चुल्ठा= खपा, छाती= बुक, टाउको= मुथा, तिघ्रा= जाङ, नङ= खल्का, नाइटो= लेभी, निधार= कापाल, पुच्छर= नेगर, नेङर वा नेट, शरीर, जीउ वा आङ= देहा, दाहा, गतर वा धर, आँखा= चखु, आन्द्रो= लारि, कलेजो= पिथल, चिउँडो= थुत्ली तथा मुटु= करह पर्दछन् । यी नितान्त भिन्न अभिलक्षण भएका शब्दहरू हुन् । राजवंशी भाषा र नेपाली भाषामा शरीरका अङ्गबोधक रूपगत असमानता र अर्थगत समानता अभिलक्षण भएका पनि धेरै शब्दहरू रहेका पाइन्छन् ।

नाता/सम्बन्धबोधक शब्द

राजवंशी भाषा र नेपाली भाषाका नाता वा सम्बन्धबोधक शब्दमा पनि व्यतिरेकी पाइन्छ। निकै शब्दहरूका रूप भने समान अभिलक्षण देखिन्छन्। यससम्बन्धमा शैक्षिक कार्यमा सक्रिय ५३ वर्षका सूचनादाता मासवर राजवंशीबाट प्राप्त (व्यक्तिगत अन्तर्वार्ता, पुष २५, २०८२) तथ्यलाई निम्न तालिकामा देखाइएको छ।

नाता वा सम्बन्धबोधक शब्द

राजवंशी भाषा र नेपाली भाषाका नाता वा सम्बन्धबोधक शब्दमा पनि व्यतिरेकी पाइन्छ। दुवै भाषका निकै शब्दहरूका रूप भने समान अभिलक्षण देखिन्छन्। यससम्बन्धमा ५४ वर्षका सूचनादाता राजवंशी समुदायका अगुवा पयोधर राजवंशीबाट प्राप्त (व्यक्तिगत अन्तर्वार्ता, पुष २४, २०८२) तथ्यलाई निम्न तालिकामा देखाइएको छ।

तालिका ४

नाता/सम्बन्धबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
काका	*काका*	*ससुरा*	*ससुर*	*छोरा*	*बेटा*
काकी	*काकि*	*सासू*	*सास्रि*	*छोरी*	*बेटि*
भतिजी	*भतिजि*	*ज्वाइँ*	*जुवाँ*	*जेठाजु*	*भसुर*
भाइ	*भाइ*	*दाजु*	*दादा*	*जेठान*	*बर्धना*
मामा	*मामा*	*देवर*	*देअर*	*जेठो, जेठी*	*बर्कि, बर*
सम्धी	*सम्धि*	*बहिनी*	*बहिन*	*ठुली आमा*	*जेठि मसि (बड)*
सम्धीनी	*सम्धनि*	*बुढी*	*बुरि*	*ठुलो बाबा, सानो बा*	*मसा*
साली	*सालि*	*बुढो*	*बुरा*	*दिदी*	*बाइ*
सालो	*साला*	*बुवा*	*बाउ, बाप*	*देउरानी*	*छट जाअ*

		भतिजो	*भातिजा*	*फुपू*	*पिसि, बेछार्नि पिसा*
		भाउजू	*भाउज, भजि*	*फुपाजु*	*मर्दना पिसा*
		भान्जी	*भाग्नि*	*बच्चा*	*छुवा*
				बाजे	*दादो*
				भिनाजु	*बहनु*

उल्लिखित तालिकाअनुसार समान अभिलक्षण भएका त्यस्ता शब्दहरूमा काका=काका, काकी=काकि, भतिजी = भतिजि, भाइ= भाइ, मामा= मामा, सम्धी=सम्धि, सम्धीनी=सम्धनि, साली=सालि तथा सालो=सालो प्रमुख रहेका छन् । यस्तो स्थितिले भाषा सिकाइमा सहजता ल्याउने हुँदा यो भाषा प्रयोगको साधक स्थिति हो । यसमा व्यतिरेक छैन । त्यसैले यस्ता शब्दको प्रयोगमा सचेतता अपनाउनु पर्दैन । त्यस्तै आंशिक भिन्न अभिलक्षण भएका शब्दहरूमा ससुरा=ससुर, सासू=सास्रि, ज्वाइँ=जुवाँ, दाजु= दादा, देवर= देअर, बहिनी= बहिन, बुढी= बुरि, बुढो= बुरा, बुवा= बाउ वा बाप, भतिजो= भातिजा, भाउजू= भाउज वा भजि र भान्जी= भाग्निका रूपमा प्रयोग गरिन्छ । यस्तो स्थितिले भाषा सिकाइमा द्विविधा ल्याउने हुँदा यो भाषा प्रयोगको आंशिक बाधक स्थिति हो । यसमा केही व्यतिरेक छ । त्यसैले यस्ता शब्दको प्रयोगमा केही सचेतता अपनाउनुपर्छ । त्यसैगरी पूर्ण भिन्न अभिलक्षण भएका शब्दहरूमा छोरा=बेटा, छोरी= बेटि, जेठाजु= भसुर, जेठान= बर्धना, जेठो वा जेठी= बर्कि वा बर, ठुली आमा= जेठि मसि (बड), ठुलो बाबा वा सानो बा= मसा भनिन्छ । त्यसरी नै दिदी= बाइ, देउरानी=छट जाअ, फुपू= पिसि वा बेछार्नि पिसा, फुपाजु= मर्दना पिसा, बच्चा=छुवा, बाजे= दादो, भिनाजु= बहनुका रूपमा प्रयोग गरिन्छ । यस्तो स्थितिले भाषा सिकाइमा द्विविधा नल्याए पनि असहजता ल्याउने हुँदा यो भाषा प्रयोगको बाधक स्थिति हो । यसमा पूर्ण व्यतिरेक छ । त्यसैले यस्ता शब्दको प्रयोगमा धेरै सचेतता अपनाउनु पर्ने हुन्छ ।

तरकारी/फलफूलबोधक शब्द

तरकारी तथा फलफूलबोधक राजवंशी भाषी र नेपालीभाषी शब्दमा पनि प्रशस्त व्यतिरेकी पाइएको छ । यससम्बन्धमा ७८ वर्ष उमेरका कृषिकार्य गर्ने पाका राजवंशीभाषी

किसान (युक्तालाल राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, पुष २२, २०८२) बाट प्राप्त तथ्यलाई तालिकामा यसप्रकार देखाइएको छ :

तालिका ५

तरकारी/फलफूलबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
मुला	*मुला*	*घिरौँला*	*घेरा*	*काँको*	*खिरा*
आलु	*आलु*	*दाल*	*डाल*	*कागती*	*नेमु*
		कटर	*कठल*	*खुर्सानी*	*मइचिन, मर्चिन*
		बयर	*बोएर*	*नरिवल*	*हुक्का*
		सिमी	*सिमा*	*तरकारी*	*साग*
		अदुवा	*आद*	*फर्सी*	*कदमा*
		आँप	*आम*	*भान्टा*	*बेगन*
				भुइँकटहर	*डेरियालि*
				मेवा	*पपिता*
				लसुन	*इस्नि, रिस्नि, रुस्नि*
				उखु	*कुसियार*
				अम्बा	*बिलाति*

उपर्युक्त तालिकाअनुसार राजवंशी भाषी र नेपालीभाषी दुवैले मुलालाई मुला नै र आलुलाई आलु नै भन्छन् । त्यसैले यी दुवै शब्द राजवंशी भाषाबाट नेपाली र नेपालीबाट राजवंशी भाषामा सहज रूपमा एकअर्काका ठाउँमा प्रयोग हुन सक्ने शब्द हुन् । यहाँ पहिलो भाषा राजवंशी जानेकालाई दोस्रो भाषा नेपाली सिक्न सहयोग पुग्छ । यो अवस्था भाषा सिकाइको साधक अवस्था हो । राजवंशी भााषीहरू घिरौँलालाई घेरा, दाललाई डाल, कटरलाई कठल, बयरलाई बोएर, सिमीलाई सिमा अदुवालाई आद र आँपलाई आमका रूपमा उच्चारण

गर्छन् । यस्ता शब्दहरूको उच्चारण गर्दा ध्वनिमा केही समानता र केही असमानता देखिन्छ । असमानता भन्दा समानता नै बढी पाइन्छ । यस्तो अवस्था राजवंशी भाषीकालागि नेपाली भाषा सिकाइप्रति केही बाधक स्थिति हो । यस्ता शब्दको प्रयोग गर्दा राजवंशी भाषीले केही सचेतता अपनाउनु पर्ने हुन्छ नत्र सिकाइ त्रुटिपूर्ण हुन पुग्छ ।

तरकारी तथा फलफूलबोधक ध्वन्यात्मक असमानता भएका प्रशस्त शब्दहरू राजवंशी भाषीहरूले प्रयोग गरेको पाइन्छ । त्यस्ता केही शब्दहरूमा नेपालाली भाषाका काँक्रोलाई खिरा, कागतीलाई नेमु, खुर्सानीलाई मइचिन वा मर्चिन, नरिवललाई हुक्का र तरकारीलाई साग भनिन्छ । त्यसैगरी फर्सीलाई कदमा, भान्टालाई बेगन, भुइँकटहरलाई डेरियाली, मेवालाई पपिता, लसुनलाई इस्नि, रिस्नि वा रुस्नि तथा अम्बालाई बिलाति भनिन्छ । यसरी उही अर्थ बुझाउने नेपाली र राजवंशी यस्ता शब्दहरूको उच्चारणमा पुरै भिन्नता रहेको छ । यस्ता भिन्त्ताले गर्दा राजवंशी भाषीले नेपाली भाषा सिक्दा ती शब्दहरूको प्रयोगमा द्विविधा उत्पन्न नभए पनि यसप्रकारका नितान्त भिन्न अभिलक्षण भएका शब्द प्रयोग गर्दा राजवंशी भाषी सिकारुले पूर्ण सावधानी अपनाउनुपर्ने हुन्छ नत्र सिकाइ त्रुटिपूर्ण हुन्छ । यो पनि भाषा सिकाइको बाधक स्थिति हो ।

जीवजनावरबोधक शब्द

राजवंशी भाषा र नेपाली भाषाका जीवजनावरबोधक शब्दमा पनि प्रशस्त व्यतिरेकी अभिलक्षण पाइन्छन् । यस्ता शब्दमा पनि समान अभिलक्षण, सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षणका पाइएका छन् । यससम्बन्धमा ८२ वर्षका सूचक फिर्नालाल राजवंशी (व्यक्तिगत अन्तर्वार्ता, पुष २०, २०८२) बाट प्राप्त तथ्यलाई तालिकामा यसप्रकार देखाइएको छ :

तालिका ६

जीवजनावरबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
गधा	*गधा*	*घोडा*	*घडा, घरा*	*गङ्गटो*	*काखर*
गोरु	*गोरु*	*चिल*	*चिला*	*गड्यौँला*	*चेर*
बाघ	*बाघ*	*बाँदर*	*बान्दर*	*झिँगे माछा*	*निचा*

बाछी (गाईको)	*बाछि*	*भालु*	*भालुक*	*ब्वाँसो*	*लेकरा*
हात्ती	*हत्ति*	*माकुरा*	*माका*	*बिरालो*	*नेकार, नाकार, पुसु*
हाँस	*हाँस*	*सुँगुर*	*सोंर, सुगर*	*भ्यागुता*	*बेङ, बेङा*
ऊँट	*ऊँट*	*कछुवा*	*काछु*	*माउसुली*	*टिकटिया*
		खरायो	*खारा*	*सुगा*	*टिया*
		भैँसी	*भइस, भइँस*	*साँडे*	*धाकर*
		अजिङ्गर सर्प	*अजागर (साँप)*	*लाटोकोसेरो*	*पेच*
		परेवा	*पेरो*	*बाखो*	*छागल*
		बकुल्ला	*बगुला*	*छेपारो*	*खाटास, गिरगिट, जेर्केटा*
				ढुकुर	*घुगु*
				मुसा	*निदुर*
				मृग	*हरिन*
				स्याल	*खेटिया*
				साङ्ले किरा	*टाटर*

उल्लिखित तालिकाअनुसार राजवंशी भाषाबाट नेपाली र नेपालीबाट राजवंशी भाषामा सहज रूपमा स्थानान्तरण हुने शब्दहरूमा गधा, गोरु, बाघ, बाछी (गाईको), हात्ती, हाँस, ऊँट पर्दछन् । यस्ता जनावरहरूलाई पनि गधा, गोरु, बाघ, बाछी, हात्ती, हाँस, ऊँट नै भनिन्छ । यी शब्द दुवै भाषामा स्थानान्तरित हुने भएको हुँदा पहिलो भाषा जानेका सिकारुलाई दोस्रो भाषाको प्रयोगमा कुनै समस्या हुँदैन । त्यसलाई भाषा सिकाइको साधक स्थिति भनिन्छ । राजवंशी भाषाबाट नेपाली र नेपालीबाट राजवंशी भाषामा आंशिक रूपमा स्थानान्तरण हुने शब्दहरू सामान्य भिन्न अभिलक्षण भएका शब्दहरू हुन् । नेपाली भाषाका घोडालाई राजवंशी

भाषामा घडा वा घराका रूपमा उच्चारण गर्नु, चिललाई चिला, बाँदरलाई बान्दर, भालुलाई भालुक, माकुरालाई माका, सुँगुरलाई सोंर वा सुगरका रूपमा उच्चारण गर्नु, त्यस्तै कछुवालाई काछु, खरायोलाई खारा, भैंसीलाई भइस वा भइँस, अजिङ्गर (सर्प) लाई अजागर (साँप), परेवालाई पेरो तथा बकुल्लालाई बगुलाका रूपमा उच्चारण गर्नु यसका उदाहरण हुन् । त्यस्ता सामान्य भिन्न अभिलक्षण भएका शब्द केही परिवर्तित उच्चारणका साथ उच्चारण गरिन्छ । यस्ता शब्दहरूका अगाडि, बिचमा वा अन्त्यमा केही ध्वन्यात्मक समानता पाइन्छ । यस्ता समानताका कारण एकअर्का भाषा प्रयोगमा कुन शब्द प्रयोग गर्ने भन्ने संशय पैदा हुन्छ । र त्यस्तो संशय जहाँ र जतिमात्रामा हुन्छ, त्यहाँ र त्यति नै मात्रामा सिकाइ त्रुटिपूर्ण हुन पुग्छ । यस्ता सामान्य फरक अभिलक्षण भएका शब्दका प्रयोगले पनि भाषा सिकाइमा त्रुटि हुन जान्छ । यो भाषा सिकाइको बाधक अवस्था हो । त्यसैले यस्ता सामान्य फरक अभिलक्षण भएका शब्दका प्रयोगमा राजवंशी भाषी सिकारुले केही सावधानी अपनाउनुपर्ने हुन्छ ।

राजवंशी भाषाबाट नेपाली र नेपालीबाट राजवंशी भाषामा पूर्ण रूपमा स्थानान्तरण नहुने शब्दहरू नितान्त भिन्न अभिलक्षण भएका शब्दहरू हुन् । नेपाली भाषाका गङ्गटोलाई राजवंशी भाषामा काखरका रूपमा उच्चारण गर्नु, गड्यौँलालाई चेर, झिँगे माछालाई निचा, ब्वाँसोलाई लेकरा, बिरालोलाई नेकार, नाकार वा पुसु, भ्यागुतालाई बेङ वा बेङा, माउसुलीलाई टिकटियाका रूपमा उच्चारण गर्नु, त्यस्तै सुगालाई टिया, साँडेलाई धाकर, लाटोकोसेरोलाई पेच, बाख्रोलाई छागल, छेपारोलाई खाटास, गिरगिट वा जेर्केटाका रूपमा उच्चारण गर्नु, त्यसैगरी ढुकुरलाई घुगु, मुसालाई निदुर, मृगलाई हरिन, स्याललाई खेटिया तथा साङ्ले किरालाई टाटरका रूपमा उच्चारण गर्नु यसका उदाहरण हुन् । यी दुवै भाषाका उपर्युक्त शब्दहरूमा पूर्ण रूपमा ध्वन्यात्मक असमानता पाइन्छ । यस्ता शब्दहरूको प्रयोगमा द्विविधा उत्पन्न हुन सक्दैन तर यसप्रकारका नितान्त भिन्न अभिलक्षण भएका शब्दका प्रयोगमा नेपाली भाषा सिक्दा राजवंशी भाषी सिकारुले र राजवंशी भाषा सिक्दा नेपाली भाषी सिकारुले पूर्ण सावधानी अपनाउनुपर्ने हुन्छ । नत्र त्रुटिको अधिक सम्भावना रहन्छ । यो पनि भाषा सिकाइको बाधक स्थिति हो ।

लत्ताकपडाबोधक शब्द

राजवंशी भाषा र नेपाली भाषाका लत्ताकपडाबोधक शब्दहरूमा पनि व्यतिरेकी पाइन्छ । यससम्बन्धमा ८२ वर्षका सूचक फिर्नालाल राजवंशीबाट प्राप्त (व्यक्तिगत अन्तर्वार्ता, पुष २०, २०८२) तथ्यलाई तालिकामा यसप्रकार देखाइएको छ :

तालिका ७

लत्ताकपडाबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
जुत्ता	*जुता*	*गलैँचा*	*गलिचा*	*चोलो*	*बोलोज, कुर्ता*
पेन्ट	*पेन्ट*	*टोपी*	*टुपी*	*झुल*	*मुस्रि*
लुङ्गी	*लुङ्गि*	*गन्जी*	*गेन्जी*	*फरिया*	*घाग्रि*
सारी	*सारि*	*सुरुवाल*	*सेरुवाल*	*तौलिया*	*गम्छा*

उल्लिखित तालिकाअनुसार राजवंशी र नेपाली दुवै भाषामा समान अभिलक्षण भएका यस्ता शब्दहरूमा नेपाली भाषाका जुत्तालाई राजवंशी भाषामा जुता, पेन्टलाई पेन्ट, लुङ्गीलाई लुङ्गि तथा सारीलाई सारि पर्दछन् । त्यस्तै सामान्य भिन्न अभिलक्षण भएका शब्दहरूमा नेपाली भाषाका गलैँचालाई राजवंशी भाषामा गलिचा, टोपीलाई टुपी, गन्जीलाई गेन्जि तथा सुरुवाललाई सेरुवाल पर्दछन् । त्यसैगरी नितान्त भिन्न अभिलक्षण भएका शब्दहरूमा नेपाली भाषाका चोलोलाई राजवंशी भाषामा बोलोज वा कुर्ता, झुललाई मुस्रि, फरियालाई घाग्रि तथा तौलियालाई गम्छा भनिन्छ ।

समयबोधक शब्द

राजवंशी भाषा र नेपाली भाषाका समयबोधक शब्दहरूमा पनि समान अभिलक्षण, सामान्य भिन्न अभिलक्षण तथा नितान्त भिन्न अभिलक्षण भएका शब्दहरू पाइन्छन् । यससम्बन्धमा ७३२ वर्षका सूचक टीकाश्वर लाल राजवंशीबाट (व्यक्तिगत अन्तर्वार्ता, पुष २७, २०८२) प्राप्त तथ्यलाई तालिकामा यसप्रकार देखाइएको छ :

तालिका ८

समयबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
बेला (समय)	*बेला*	*आज*	*आझि*	*हिजो*	*कालि*
राति	*रात, राति*	*हप्ता, साता*	*हाप्ता*	*अस्ति*	*पर्सु*

माथिको तालिकाअनुसार नेपाली र राजवंशी भाषामा उच्चारणगत समान अभिलक्षण भएका शब्दहरू बेला (समय) को बेला, रातिको रात वा रातिका रूपमा उच्चारण गरिन्छ भने सामान्य भिन्न अभिलक्षण भएका शब्दहरू आजको आझि तथा हप्ता वा साताको हाप्ताका रूपमा उच्चारण गरिन्छ । त्यसैगरी नितान्त भिन्न अभिलक्षण भएका शब्दहरूलाई हिजोको कालि तथा अस्तिको पर्सुका रूपमा उच्चारण गरिन्छ ।

मौसमबोधक शब्द

राजवंशी भाषा र नेपाली भाषाका बिच पाइने सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षण भएका शब्दहरू प्राप्त भएका छन् । यससम्बन्धमा यससम्बन्धमा ७३२ वर्षका सूचक टीकाश्वर लाल राजवंशीबाट (व्यक्तिगत अन्तर्वार्ता, पुष २७, २०८२) प्राप्त तथ्यलाई तालिकामा यसप्रकार देखाइएको छ :

तालिका ९

मौसमबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
–	–	*जाडो*	*जार*	*घाम*	*धुप, रउद*
–	–	*ग्रीष्म*	*गुम्सा*	*चिसो*	*ठटर, ठान्डा*
				न्यानो	*गुमगुम*

उल्लेखित तालिकअनुसार राजवंशी भाषा र नेपाली भाषाका मौसमबोधक शब्दहरूमा भने समान अभिलक्षण भएका शब्दहरू पाउन सकिएन । सामान्य भिन्न अभिलक्षण र नितान्त

भिन्न अभिलक्षण भएका केही शब्दहरू प्राप्त भएका छन् । नेपाली भाषाका जाडोलाई राजवंशी भाषामा जार तथा ग्रीष्मलाई गुम्सा भनिन्छ । यी शब्दहरू सामान्य भिन्न अभिलक्षणअन्तर्गत पर्दछन् । त्यसैगरी घामलाई धुप वा रउद, चिसोलाई ठटर वा ठान्डा तथा न्यानोलाई गुमगुम भनिन्छ । यस्ता शब्दहरू भने नितान्त भिन्न अभिलक्षणअन्तर्गत पर्दछन् ।

जन्मक्रमबोधक शब्द

राजवंशी भाषा र नेपाली भाषाका बिच समान अभिलक्षण भएका शब्द नपाइए पनि सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षण भएका शब्द पाइएका छन् । यससम्बन्धमा ८५ वर्षका वयोवृद्धा सूचक काशिनन्द विश्वास राजवंशीबाट (व्यक्तिगत अन्तर्वार्ता, पुष २१, २०८२) प्राप्त तथ्यलाई तालिकामा यसप्रकार देखाइएको छ :

तालिका १०

जन्मक्रमबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
–	–	*कान्छो*	*छटका*	*ठाईला*	*पाझिल्का*
–	–	*माईला*	*माझिल्का*	*काईला*	*ताझिल्कि*

उपर्युक्त तालिकाअनुसार राजवंशी भाषामा जन्मक्रमबोधक शब्दहरूमा नेपाली भाषासँग समान अभिलक्षण भएका शब्दहरू सङ्कलन गर्न सकिएन । सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षण भएका शब्दहरू भने प्राप्त हुन सके । नेपाली भाषाको कान्छोलाई राजवंशी भाषामा छटका तथा माइलोलाई माझिल्का भनेको पाइयो । यस्ता शब्दहरूका अगाडि वा अन्त्यमा केही ध्वन्यात्मक समानता पाइएको हुँदा सामान्य भिन्न अभिलक्षण भएका शब्दहरू मानिएको छ । त्यसैगरी नेपाली भाषाको ठाईलालाई राजवंशी भाषमा पाझिल्का र भनेको पाइयो । यस्ता शब्दहरूका अगाडि, बिचमा वा अन्त्यमा केही पनि ध्वन्यात्मक समानता पाइँदैन । अतः यसप्रकारका व्यतिरेकी शब्दलाई नितान्त भिन्न अभिलक्षण भएका शब्द मानिएको छ ।

अङ्क/सङ्ख्याबोधक शब्द

राजवंशी भाषा र नेपाली भाषामा अङ्क/सङ्ख्याबोधक नितान्त भिन्न अभिलक्षण भएका शब्द नपाइए पनि समान अभिलक्षण र सामान्य भिन्न अभिलक्षण भएका शब्दहरू प्राप्त भएका छन् । यससम्बन्धमा ५३ वर्षका विद्यालयका शिक्षक मासवर राजवंशीबाट (व्यक्तिगत अन्तर्वार्ता, पुष २६, २०८२) प्राप्त तथ्यलाई तालिकामा यसप्रकार देखाइएको छ :

तालिका ११

अङ्क/सङ्ख्याबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
चालिस	*चालिस*	*बयासी*	*बिरासी*	–	–
तिस	*तिस*	*त्रिपन्न*	*तिरपन*	–	–

उल्लिखित तालिकाअनुसार अङ्क/सङ्ख्याबोधक शब्दको उच्चारणमा राजवंशी भाषीले चालिसलाई चालिस नै र तिसलाई तिस नै भन्दछन् । यी समान अभिलक्षण भएका शब्द हुन् । यिनमा व्यतिरेक छैन । राजवंशी भाषीले नेपाली भाषाको बयासीलाई बिरासी र त्रिपन्नलाई तिरपन भनेर उच्चारण गर्दा सामान्य भिन्न अभिलक्षण देखिन्छ । राजवंशी भाषा र नेपाली भाषाका अङ्क/सङ्ख्याबोधक शब्दमा भने नितान्त भिन्न व्यतिरेकी अभिलक्षण भएका शब्दहरू खासै पाइएन । दुवै भाषामा समान अभिलक्षण र सामान्य भिन्न अभिलक्षण भएका अङ्क/सङ्ख्याबोधक शब्दकै आधिक्य रहेको पाइएको छ ।

महिनाबोधक शब्द

राजवंशी भाषा र नेपाली भाषामा महिनाबोधक शब्द समान अभिलक्षण, सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षण गरी तीनै स्तरका शब्दहरू पाइएका छन् । यससम्बन्धमा ५३ वर्षका राजवंशी भाषी सूचक पयोधर राजवंशी (व्यक्तिगत अन्तर्वार्ता, पुष २४, २०८२) बाट प्राप्त तथ्यलाई तालिकामा यसप्रकार देखाइएको छ :

तालिका १२

महिनाबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	*राजवंशी*	*नेपाली*	*राजवंशी*	*नेपाली*	*राजवंशी*
माघ	*माघ*	*चैत*	*चइत*	*मंसीर*	*अघन*
–	–	*असार*	*आखार*	–	–

उक्त तालिकामा महिनाबोधक शब्दमा भने राजवंशी र नेपाली भाषामा समान अभिलक्षण, सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षण तीन अवस्थाका शब्दहरूको उदाहरण दिइएको छ । नेपाली भाषाको माघलाई माघ नै भन्नु समान अभिलक्षणको उदाहरण हो भने चैतलाई चइत र असारलाई आखार भन्नु सामान्य भिन्न अभिलक्षणका उदाहरण हुन् । त्यस्तै मंसीरलाई अघन भन्नु नितान्त भिन्न अभिलक्षणको उदाहरण हो ।

रङबोधक शब्द

राजवंशी र नेपाली भाषामा रङबोधक शब्द समान अभिलक्षण भएका शब्द नपाइए पनि सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षण भएका शब्दहरू प्राप्त भएका छन् । यससम्बन्धमा ८५ वर्षका वयोवृद्ध सूचक काशिनन्द विश्वास राजवंशी (व्यक्तिगत अन्तर्वार्ता, पुष २१, २०८२) बाट प्राप्त तथ्यलाई तालिकामा यसप्रकार देखाइएको छ :

तालिका १३

रङबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
		सेतो	*साफा*	*पहेंलो*	*हल्दिया*
–	–	–	–	*हरियो*	*पेल्किया*
–	–	–	–	*रातो*	*लल*

उपर्युक्त तालिकाअनुसार राजवंशी भाषाको रङबोधक शब्दमा समान अभिलक्षण भएका शब्द नपाइए पनि सामान्य भिन्न अभिलक्षण भएका केही शब्दहरू पाएका छन् । राजवंशीहरू

सेतोलाई साफा भन्दछन् । यो शब्दमा केही उच्चारणगत भिन्न अभिलक्षण रहेको छ । त्यस्तै नितान्त भिन्न अभिलक्षण भएका शब्दहरूमा पहेंलोको हल्दिया, हरियोको पेल्किया तथा रातोको लाल हुन् । यी शब्दहरूमा उच्चारणगत भिन्नता प्रस्ट रहेको छ ।

हातहतियारबोधक शब्द

राजवंशी भाषा र नेपाली भषाका हातहतियारबोधक शब्दमा देखिने व्यतिरेकी अभिलक्षणलाई ७८ वर्ष उमेरका कृषिकार्य गर्ने पाका राजवंशीभाषी सूचक युक्तालाल राजवंशी (व्यक्तिगत अन्तर्वार्ता, पुष २२, २०८२) का अनुसार तालिकमा यसप्रकार उल्लेख गरिएको छ :

तालिका १४

हातहतियारबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
–	–	–	–	*बन्चरो*	*कुरालि*
–	–	–	–	*भाला*	*बलम*
–	–	–	–	*हतौडा*	*मारिया*

उल्लेखित तालिकाअनुसार राजवंशी भाषाका हातहतियारबोधक शब्दमा नेपाली भाषामा भन्दा नितान्त भिन्न अभिलक्षण भएका शब्दहरू प्राप्त भएका छन् । त्यस्ता शब्दहरूमा नेपाली भाषाका बन्चरोलाई राजवंशी भाषामा कुरालि, भालालाई बलम तथा हतौडालाई मारिया भनेको पाइयो । यस भाषामा समान अभिलक्षण र सामान्य भिन्न अभिलक्षण भएका शब्दहरू भने प्राप्त हुन सकेनन् ।

बारबोधक शब्द

राजवंशी भाषा र नेपाली भषाका बारबोधक शब्दमा देखिने व्यतिरेकी अभिलक्षणलाई ५४ वर्ष उमेरका राजवंशीभाषी सूचक पयोधर राजवंशी (व्यक्तिगत अन्तर्वार्ता, पुष २२, २०८२) का अनुसार तालिकमा यसप्रकार उल्लेख गरिएको छ :

तालिका १५

बारबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
–	–	*आइतबार*	*एतुवार*	–	–
–	–	*शनिबार*	*सनिचर*	–	–
–	–	*बुधबार*	*बुधेर दिन*	–	–

उल्लिखित तालिकाअनुसार राजवंशी भाषामा बारबोधक शब्दमा सामान्य भिन्न अभिलक्षण भएका शब्दहरू प्राप्त भएका छन् । त्यस्ता केही उच्चारणगत भिन्नता भएका शब्दहरूमा नेपाली भाषाका आइतबारलाई एतुवार, शनिबारलाई सनिचर तथा बुधबारलाई बुधेर दिन रहेका छन् । बारबोधक शब्दका समान अभिलक्षण र नितान्त भिन्न अभिलक्षण भएका शब्दको प्रयोग उति पाइएन ।

अन्नबालीबोधक शब्द

राजवंशी भाषा र नेपाली भषाका बारबोधक शब्दमा देखिने व्यतिरेकी अभिलक्षणलाई ८२ वर्ष उमेरका राजवंशीभाषी सूचक फिर्नालाल राजवंशी (व्यक्तिगत अन्तर्वार्ता, पुष २०, २०८२) का अनुसार तालिकमा यसप्रकार उल्लेख गरिएको छ :

तालिका १६

अन्नबालीबोधक शब्दको व्यतिरेकी अभिलक्षण

समान अभिलक्षण		सामान्य भिन्न अभिलक्षण		नितान्त भिन्न अभिलक्षण	
नेपाली	राजवंशी	नेपाली	राजवंशी	नेपाली	राजवंशी
–	–	*गहुँ*	*गहम*	–	–
–	–	*मकै*	*माका*	–	–

राजवंशी भाषामा अन्नबालीबोधक शब्दमा पनि नेपाली र राजवंशीका बिचमा सामान्य भिन्न अभिलक्षण भएका शब्दहरू पाइएका छन् । त्यस्ता शब्दहरूमा नेपाली भाषाका गहुँलाई राजवंशीहरू गहम तथा मकैलाई माका भन्दछन् । अन्नबालीबोधक शब्दमा पनि समान अभिलक्षण र नितान्त भिन्न अभिलक्षण भएका शब्दको उति प्रयोग पाइएन ।

निष्कर्ष र उपयोगिता

यस अध्ययनबाट प्राप्त नतिजा र छलफलका आधारमा हेर्दा नेपाली र राजवंशी भाषा दुवै भाषा संस्कृत भाषाबाट नै प्रकृत, खस र अपभ्रंश हुँदै विकसित भएका भए तापनि दैनिक जीवनमा प्रयोग हुने अनेकन शब्दहरूमा समान अभिलक्षण, सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षण भएका शब्दहरू अधिक देखिन्छन् । त्यस्ता शब्दहरूमा भाँडाकुँडाबोधक, खानेकुराबोधक, शरीरका अङ्गबोधक, नाता/सम्बन्धबोधक, तरकारी/फलफूलबोधक, जीवजनावरबोधक, लत्ताकपडाबोधक, समयबोधक शब्द क्षेत्रहरूमा समान अभिलक्षण, सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षण भएका शब्दहरूका उच्चारणमा उक्त तीनै स्तरका व्यतिरेक रहेका छन् भने मौसमबोधक तथा जन्मकमबोधकमा समान अभिलक्षण भएका शब्दहरू पाइएनन् भने केही मात्रामा सामान्य भिन्न अभिलक्षण र नितान्त भिन्न अभिलक्षणका शब्दहरू पाइएका छन् । त्यस्तै अङ्क/सङ्ख्याबोधक तथा महिनाबोधकमा केही मात्रामा उच्चारणगत समान अभिलक्षण र सामान्य भिन्न अभिलक्षण भएका शब्द पाइएका छन् भने नितान्त भिन्न अभिलक्षण भएका शब्द पाइएका छैनन् । त्यस्तै रङबोधकमा नितान्त भिन्न उच्चारण अभिलक्षण भएका तथा सामान्य भिन्न अभिलक्षण केही शब्दहरू पाइएका छन् भने समान अभिलक्षण भएका शब्द पाइएका छैनन् । त्यसैगरी हातहतियारबोधकमा नितान्त भिन्न उच्चारण अभिलक्षण भएका शब्दहरू प्रशस्त पाइएका छन् भने समान अभिलक्षण र सामान्य भिन्न अभिलक्षण भएका शब्दहरू पाइएका छैनन् । बारबोधक तथा अन्नबालीबोधकमा भने सामान्य भिन्न उच्चारण अभिलक्षण भएका शब्दहरू प्रशस्त पाइएका छन् भने समान अभिलक्षण र नितान्त भिन्न अभिलक्षण भएका शब्दहरू पाइएका छैनन् । यसरी नेपाली र राजवंशी दुवै भाषामा घरव्यवहारमा दैनिक प्रयोग गरिने शब्दहरूलाई उच्चारणत अभिलक्षणका आधारमा तुलना गर्दा उच्चारणगत समान अभिलक्षण भएका शब्दबाहेका अन्य शब्दहरूमा सामान्य भिन्न र नितान्त भिन्न उच्चारणगत अभिलक्षणले व्यतिरेकी रहेको छ भन्ने निष्कर्ष निस्किएको छ । यी दुवै भाषाका अन्य क्षेत्रका शब्दको पनि व्यतिरेकी अभिलक्षणहरूको अध्ययन गर्नुपर्ने आवश्यकता छ ।

प्रस्तुत लेखबाट नेपाली भाषा र राजवंशी भाषाका समान अर्थ आउने तर उच्चारणमा भिन्नता देखिने शब्दहरूको व्यतिरेकी अवस्था थाहा पाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

साथै यस लेखले राजवंशी भाषासम्बन्धी अनुसन्धान गर्न चाहने व्यक्तिहरूका लागि स्रोत सामग्रीको रूपमा पनि कार्य गर्छ भन्ने ठानिएको छ ।

सन्दर्भ सामग्री सूची

आचार्य, देवीप्रसाद (सन् २०२३). वाक्यका आधारमा राजवंशी र नेपाली भाषाको तुलना. *अध्ययन जर्नल. १०* (१०). रिसर्च मेनेजमेन्ट सेल, मेची बहुमुखी क्याम्पस, भद्रपुर ।

उपाध्याय, द्रोणकुमार. (२०५५). *राजवंशी परिचय (भाषा, लिपि र व्याकरण खण्ड).* राजवंशी भाषा प्रचार समिति ।

केसबेल, जे.डब्लु. (सन् २००९). *रिसर्च डिजाइनः क्वालिटेटिभ, क्वान्टिटेटिभ र मिक्स मेथड्स एप्रोएच,* सेज पब्लिकेसन ।

कोचिला राष्ट्रिय मुक्ति मोर्चा, नेपाल (२०६६). *कोचिला प्रदेश (कोच जातिको इतिहास).* (सम्पा. दिनेश राजवंशी/ठकनु राजवंशी). कोचिला राष्ट्रिय मुक्ति मोर्चा, नेपाल ।

डेन्जिन, एन. के. एन्ड लिङ्कन वाइ. यस. (सन् २०११). *द सेजह्याण्ड बुक अफ क्वालिटेटिभ रिसर्च,* सेज पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद (२०७०/२०७१). *प्रायोगिक भाषा विज्ञान.* शुभकामना प्रकाशन ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९). *प्रज्ञा नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान।

पोखरेल, (केशवराज (२०७४). *भाषाविज्ञान र नेपाली भाषा.* क्याम्ब्रिज पब्लिकेसन प्रा.लि.।

भण्डारी, पुष्पादेवी (सन् २०२३). राजवंशीहरूको आफ्नो भाषाप्रतिको भाषिक अभिवृत्तिको विश्लेषण. *सिद्धज्योति इन्टरडिसिप्लीनरी जर्नल, ४,* २००-२०१, रिसर्च मेनेजमेन्ट सेल, सिद्धज्योति एजुकेशनल क्याम्पस, सिन्धुली, ।

भाषा आयोग (२०७५). *राजवंशी भाषाको इतिहास* (परीक्षण प्रकाशन). भाषा आयोग ।

राजवंशी, पानीलाल (२०७४). *कोच राजवंशीको छोटो ऐतिहासिक परिचय.* बागडुम्का प्रकाशन।

लुम्बिनी पुस्तक पसल (२०७२) नेपालको संविधान, लुम्बिनी पुस्तक पसल ।

वाइ एल वोङ (सम्पा.) (सन् २००५). *राजवंशी शब्दकोश (राजवंशी-नेपाली-अङ्ग्रेजी)* . नेपाली नेसनल ल्याङ्ग्वएजेज प्रिजर्भेसन इन्सटिच्यूट ।

शर्मा, मोहनराज र बराल, कृष्णहरि (२०५०). *भाषाविज्ञान र नेपाली भाषा.* काठमाडौं बुक सेन्टर ।